'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १५६ शुक्रबार १८ माघ, २०८१ 31 (Friday) January 2025 पृष्ठ ४, मूल्य रु : १०।-

## सरस्वती सामुदायिक वनको १६ औं बार्षिक साधारण सभा एवं स्थापना दिवस

# वन संरक्षणदेखि सामुदायिक विकासका योजना

नमस्ते समचारदाता

कोहलपुर, माघ/१७





कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्ण प्रसाद आचार्यले सरस्वती सामुदायिक वन उपभोक्ता समूहले वन, पर्यावरण र वन्यजन्तु संरक्षणका साथै उपभोक्ताको प्राकृतिक हकअधिकार र सामुदायिक विकासमा उल्लेखनीय योगदान पुर्याएको बताउनुभएको छ । बिहीबार सम्पन्न १६औं वार्षिक साधारण सभा तथा २२औं स्थापना दिवसका अवसरमा उनले सामुदायिक वनको प्रयास प्रशंसनीय रहेको उल्लेख गर्दै स्थानीय सरकार र वन उपभोक्ताबीच सहकार्यलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । नगरप्रमुख आचार्यका अनुसार, सरस्वती सामुदायिक वनले कोहलपुर क्षेत्रमा प्रौढ शिक्षा सञ्चालन, ट्र्याक खोल्ने, खानेपानी व्यवस्थापन, मठमन्दिर निर्माण तथा सरक्षणका कामहरू गर्दै आएको छ । उहाँले सामुदायिक वनले फोहोर व्यवस्थापनमा समेत महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै भविष्यमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । नगरप्रमुख आचार्यसहित अन्य अतिथिहरूले संयुक्त रूपमा कार्यक्रम स्थल राम जानकी सेकेन्डरी स्कुलको प्राङ्गणमा श्रीखण्डको बिरुवा रोपेर सभाको उद्घाटन गरेका थिए । सरस्वती सामुदायिक वन उपभोक्ता समूह, कोहलपुर नगरपालिका वडा नम्बर १० र ११ मा फैलिएको छ, जसले वन संरक्षण देखि सामाजिक विकाससम्मका विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। साधारण सभामा वन उपभोक्ता समूहका अध्यक्ष नर बहादुर मल्लले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सामुदायिक वनले उपभोक्ताहरूको आवश्यकता मध्यनजर गर्दै काठ, दाउरा वितरणदेखि वन संरक्षणका कार्यक्रमहरू अघि बढाएको जानकारी गराउनुभयो । उहाँले वनको दिगो विकासका लागि तारबार निर्माण, वृक्षारोपण, सडक स्तरोन्नति, सार्वजनिक स्थलको सुधार, घाँस काट्ने मेसिन वितरण, एकल महिलालाई निःशुल्क काठ उपलब्ध गराउने जस्ता कार्यहरू गरिएको उल्लेख गर्नुभयो । कार्यक्रमका विशिष्ट अतिथि तथा डिभिजन वन कार्यालय राझाका वरिष्ठ वन अधिकृत राज बहादुर चौधरीले सामुदायिक वनको संरक्षण तथा विकासमा पुर्याएको योगदानको प्रशंसा गर्नुभयो । उहाँले स्थानीय समुदायले वनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सक्ने सम्भावना औंल्याउँदै यसको प्रवर्द्धनका लागि सरकारी निकायहरूको सहकार्य आवश्यक रहेको बताउनुभयो । यस्तै सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रिय प्रतिनिधि केशकुमारी भण्डारी वलिले पहिले पहिले घास दाउराको रुपमा मात्रै प्रयोग गर्दै आएको सामुदायिक वन अहिले जिविकोपार्जनको र आय आर्जनको स्रोत बनेको बताउदै आफ्ना छोराछोरी जसरि माया र सरक्षण गरेर वनको हेरचाह गर्न सम्पुर्ण उपभोक्तालाई आग्रह गर्नुभएको छ । उहाँले वन सरक्षणमा हामि चुकेउ भने बिदेशमा जस्तो अक्सिजन पाउन सिलिन्डर बोकेर हिड्ने दिन आउन सक्ने बताउनु भएको छ। त्यसले चोरि सिकारी नियन्त्रणसङ्गै बन जङ्गल जोगाउनु हामि सबैको दायित्व भएको बताउनु भएको छ। सामुदायिक वनले वनका झन्झटिला ऐन-नियमका कारण केही चुनौती सामना गर्नुपरेको अध्यक्ष मल्लले बताउनुभयो। उहाँले वन उपभोक्ताहरूलाई ग्याँस चुलो वितरण, पानीका मुहान संरक्षण तथा सामाजिक कार्यहरूलाई प्राथमिकता दिने योजना रहेको उल्लेख गर्नुभयो। अध्यक्ष मल्लले आगामी दिनमा वन संरक्षण, वृक्षारोपण तथा सामुदायिक विकासलाई प्राथमिकतामा राख्दै स्थानीय सरकारसँग सहकार्य गरेर उपभोक्ताहरूलाई थप सुविधा दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । कार्यक्रमको सञ्चालन सङ्गै बार्षिक प्रगति विवरण र आर्थिक प्रतिबेदन र भावि योजना सचीव दुर्गा सुवेदी पौडेलले गर्नुभएको थियो । कार्यक्रममा सरोकारवाला निकायका प्रतिनिधीले सामुदायिक वनले सरक्षणका साथै सामुदायिक हितका क्षेत्रमा काम गर्दै आएकोमा प्रसंसा गरेका छन । कार्यक्रममा वन संरक्षणकर्मी देखिका सरोकारवालाको सहभागिता रहेको थियो । स्थापना दिवसकै अवसर पारेर सामुदायिक वनको संरक्षण तथा वृद्धि विकासमा योगदान पुर्याएका उपभोक्ता माधवि उपाध्याय, धनिसरा क्षेत्री, मिनादेवी भुषाल, स्व. ज्ञानि चौधरी, कमलादेवी सुनार, बसन्त थारु, रतन बहादुर बुढा, हेमशेर राई, भानुभक्त शर्मा, यमुना उपाध्याय, बेल रिकाया, तिर्थ बहादुर थापा, उमानन्द उपाध्याय, सन्तोषराज पौडेल, पत्रकार असोक भण्डारी र बुद्दिजिवि नारायण प्रसाद सिग्देल, लगायतलाई सम्मान गरिएको थियो । भने सामुदायिक वनको कार्यलयबाट विभिन्न समुदायको सस्कृति झल्कने बाजागाजा र भेषभुषा सहितको र्यालि कोहलपुर नगर परिक्रमा गरिएको थियो र सास्कृतिक प्रस्तुति समेत कार्यक्रममा देखाइएको थियो ।

## फरक आस्थाकै कारण राम्रो काम गर्दा नि अपमानित

# देशकै उदाहरणीय रंगशाला बनाएका सदस्य सचिव कर्णाली सरकारद्वारा अपमानित

नमस्ते समचारदाता

सुर्खेत, माघ/१७



यतिबेला सामाजिक सञ्जाल देखि सञ्चारमाध्यम सम्ममा कर्णालीको प्रादेशिक रङ्गशालाको निकै चर्चा भइरहेको छ। भौतिक पूर्वाधारको हिसाबले सबैभन्दा पछाडि रहेको कर्णालीमा भर्खरै बनेको यो संरचनाका तस्बिर र भिडियो व्यापक सामाजिक सञ्जाल तथा मिडियामा आइरहेका छन् । दृढ इच्छाशक्ति र निरन्तरता भएपछि समयमै उदाहरणीय काम गर्न सकिन्छ भन्ने नमूना बनेको छ यो रङ्गशाला । निकै आकर्षक डिजाइनमा बनाइएको यो संरचना छोटो समयमै तयार भएको हो । प्रदेश राजधानी वीरेन्द्रनगर नगरपालिका-८, को मध्यभागमा ९ बिघा क्षेत्रफलमा फैलिएको यो रङ्गशाला तत्कालीन मुख्यमन्त्री जीवनबहादुर शाहीले ०७८ मंसिर २० गते शिलान्यास गरेका थिए। १ अर्ब ५९ करोड ४७ लाख ४७ हजार रुपैयाँ लागतमा निर्माण भएको संरचना भारतीय र नेपाली ठेकदार सहितको एमएसी/जीएसएल जेभी कम्पनीले बनाएको हो । १० हजार दर्शक अट्ने क्षमताको रङ्गशालाको अब रङ-रोगन लगायतका काममात्र बाँकी छन् । बढीमा १ प्रतिशतमात्रै काम बाँकी रहेको जनाइएको छ । अहिले मान्छेले रङ्गशालाको जसरी प्रशंसा गरिरहेका छन्, त्यसका पछाडि प्रदेश खेलकुद विकास परिषद्का तत्कालीन सदस्यसचिव विश्वामित्र सञ्ज्यालको अथाह मेहनत छ। उनको लगनशीलता र मेहनतकै कारणले मात्रै यो समयमै निर्माण गर्न सम्भव भएको हो। राष्ट्रिय खेलकुद परिषदमा बसेर लामो समय काम गरिसकेका सञ्ज्याल आफैँमा इन्जिनियर पनि हुन् । उनी प्रदेश खेलकुद परिषदको सदस्यसचिवमा नियुक्त भएदेखि नै कर्णालीको खेल क्षेत्र चलायमान मात्र भएन, खेल पूर्वाधार निर्माणले पनि गति लियो । सञ्ज्यालले प्रादेशिक रङ्गशाला निर्माणका क्रममा डिजिटल बोर्डमै दैनिक कार्यतालिका राख्ने र दिन गनेर काम गर्थे । उनै सदस्य सचिव सञ्ज्याल भने गत महिना सरकारबाट अपमानित महसुस गरेर बाहिरिनुपर्‍यो । उनको कार्यकाल पुस ६ गते सकिएको थियो । जाँदै गर्दा न उनलाई सरकारले सम्मान गर्‍यो, न त उनले पाउनुपर्ने सेवा-सुविधा नै दियो। खाली हात बाहिरिएका सञ्ज्याल यतिबेला निकै अपमानित महसुस गरिरहेका छन् । सञ्ज्याललाई सदस्यसचिवमा ०७७ पुस ६ गते तत्कालीन मुख्यमन्त्री महेन्द्र बहादुर शाहीको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को बैठकले नियुक्त गरेको थियो। उनी खेलकुद विकास ऐन, ०७६ को दफा ६ को उपदफा (२) को खण्ड (च) को व्यवस्था बमोजिम नियुक्त भएका थिए । यद्यपि हचुवाका भरमा ल्याइएको उक्त ऐनमा परिषद्का पदाधिकारी, जिल्लासम्मको पदावधिदेखि अन्य थुप्रै विषयमा कमी-कमजोरी रहँदा संशोधन गर्नुपर्ने अवस्था आएको छ।

बाँकी ४ पेजमा...

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## अन्य कोषबाट पैसा तान्ने शुरमा सरकार

जब–जब ढुकुटीमा संकट देखापर्छ त्यसबेला सरकारले खर्च नभएका कोषहरूमाथि आँखा लगाउने गर्दै आएको छ। वृद्धभत्ता, उपचार, सामाजिक कल्याण लगायत कोषका रूपमा सञ्चित रकम पर्ने गरेको छ। केही वर्षअघि बिमा संस्थानले नाफा रकम ६०/७० करोड रुपैयाँ कोषमा राख्दा त्यसबेला त्यहाँका हर्ताकर्ता चिरञ्जीवी चापागाइँलाई हप्काइदप्काइ गरेर सरकारी कोषमा सार्न लगाइएको थियो। त्यसैगरी, अन्य संस्थान र सरकारी निकायका नाममा पनि विभिन्न विषयको काम गर्ने प्रयोजनका कोषहरु रहेकाछन्। आर्थिक व्यवस्थापनको सिद्धान्त अनुसार यस्ता कोष खडा गर्न पाइँदैन। सरकारको सबै रकम कन्सोलिडेटेड फण्ड (एकत्रित गराउने कोष)मा जम्मा हुनुपर्छ। त्यसलाई आवश्यकताका आधारमा विनियोजन गरेर खर्च हुनुपर्छ भन्ने मान्यता छ। तर, नेपालमा यस्ता कोष सयभन्दा बढी नै छन्। यिनलाई खारेज गर्नुपर्छ भनेर डिल्ली खनाल संयोजक रहेको सार्वजनिक खर्च पुनरवलोकन आयोगले धेरै वर्षअघि प्रतिवेदन बुझाएको थियो। तापनि, यो सुझाव कार्यान्वयन गर्ने हिम्मत कसैले देखाएका छैनन्, चासो पनि दिएका छैनन्। अहिलेको वित्तीय संकटमा पनि कोससँग पैसा छ, ऊसँग तान्ने कोशिशमा सरकार लागेको देखिन्छ। नेपाली सेनाको कल्याणकारी कोष चलाउन सक्ने हिम्मत कसैसँग छैन। सो कोष संयुक्त राष्ट्रसंघको तर्फबाट शान्ति स्थापना गर्न गएका सैनिकको तलब कटौती गरी खडा गरिएको हो। यो कोषको रकम सैनिक र तिनका परिवारको कल्याणमा खर्चिन्छ। त्यहाँ अबौं रकम छ। राष्ट्रसंघले दिएको कतिपय अनुदान रकम पनि सो कोषमा जम्मा गरिएको अवस्था छ। नेपाल प्रहरी र सशस्त्रको पनि त्यस्तै कल्याणकारी कोष छ। सेनाकै सिको गरेर नेपाल प्रहरीले पेट्रोल, डिजेलको व्यापार गरेको छ, जुन कुरा असंगत छ। सेना, प्रहरीले नै व्यापार गर्ने, आम्दानी गर्ने र आफ्नालागि खर्च गर्ने उद्देश्यसाथ खडा गरिएको संरचना त पक्कै होइन, तर बिडम्वना त्यस्तै देखिएको छ। नेपाली अर्थतन्त्रका लागि यो एक किसिमको बेथिति नै हो। यी कोष चलाउन नसक्ने हुँदा सरकार आफैँले खडा गरिएको सानातिना कोषमा नजर लगाएको देखिन्छ। यी सरकारी कोषबाट करोडौं रकम उठाउने तयारी हुँदैछ। अघिल्ला सरकारले खर्च गर्न रकम अभाव हुँदा नागरिक लगानी र कर्मचारी सञ्चय कोषहरूसँग सापटी लिने, रकमान्तर गर्ने र ऋण उठाउनेजस्ता काम गरेका थिए।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# बिदेसिएका विद्यार्थी फर्काउने विकल्प

हरि लम्साल

अध्ययन र कामका लागि विद्यार्थी बाहिरिनुभन्दा पनि अझ ठुलो विषय भनेको त अध्ययनपश्चात् स्वदेश नफर्कनु वा फर्काउन नसक्नु हो। हामीले विदेश गएका र विदेशमा रहेका नेपालीलाई कसरी स्वदेश फर्काउने भन्नेमा थप काम सुरु गर्नु पर्छ।



हरि लम्साल



विगत तीन वर्षमा उच्च शिक्षा अध्ययन गर्न नोअब्जेक्सनपत्र लिने विद्यार्थीको संख्या एक लाख १० हजारभन्दा माथि छ। यही अवधिमा मेडिकल स्नातक र स्नातकोत्तरमा अध्ययन गर्न आउने विदेशी विद्यार्थी १,१६७ थिए भने बाहिरिने नेपाली विद्यार्थी २,२२२ रहे। स्वास्थ्य मन्त्रालयको २०८१ माघको प्रतिवेदनले सन् २०२३ मा मुलुकमा २,६९२ जना नयाँ चिकित्सक मेडिकल काउन्सिलमा दर्ता भए भने बिदेसिने चिकित्सक २,३१८ रहेको देखायो। त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) महाराजगन्ज बाट एमबिबिएस उत्तीर्ण गरेका ४३ जनामध्ये ४१ जनाले विदेश जान परीक्षामा नाम दर्ता गराइसकेको पाइयो। नेपाल राष्ट्र बैङ्कको पछिल्लो विवरण अनुसार आव २०८१/८२ मङ्सिर महिनासम्म लगभग ४७.४१ अर्ब शिक्षाका लागि बाहिरियो जुन गत वर्षको यही अवधिमा ४७.३४ अर्ब थियो। यस्तै सन्दर्भलाई लिएर मुलुकको उच्च शिक्षामा मुख्यतः दुई विषय उठेको देखिन्छ। पहिलो, उच्च शिक्षा अध्ययन गर्न ठुलो संख्यामा विद्यार्थी बिदेसिए। दोस्रो, यही कारणले मुलुकका विश्वविद्यालयमा विद्यार्थी संख्या घट्न थाले। विगत केही वर्षमा विद्यार्थी बिदेसिने क्रम बढ्दो क्रममा छ। विदेशी मुद्रा बाहिरिएको पनि छ। अध्ययनका लागि मात्र नभएर दक्ष जनशक्ति पनि बाहिरिएको देखियो। यो आफैँमा सोचनीय विषय छ। उच्च शिक्षा आकाङ्क्षी युवा र दक्ष जनशक्ति बाहिरिने क्रम बढेपछि मुलुकभित्रको उच्च शिक्षा भर्ना दरमा सङ्कुचन आउने नै भयो। भर्ना दरमा सङ्कुचन आउनुको कारण विद्यार्थी बिदेसिने मात्र नहुन पनि सक्छ। उच्च शिक्षामा भर्ना दर घट्न थाल्यो भन्ने विषयबाट बहसका सन्दर्भमा विभिन्न आयाम र दृष्टिकोणबाट हेरेर समस्याको कारण र असर खोज्नु पर्छ। जनसंख्या वृद्धिदर र कक्षा एवं तह दोहोर्‍याउने दरमा आउने कमीले गर्दा उच्च शिक्षामा विद्यार्थी संख्या अझ घट्न सक्छ। माध्यमिक तह पूरा गर्ने सबै विद्यार्थी उच्च शिक्षामा भर्ना नभई कामको संसारमा प्रवेश गर्न थाले भने यो संख्यामा अझ कमी आउन सक्छ। यसै गरी बिदेसिएका विद्यार्थीका कारण पनि संख्यामा कमी आउन सक्छ। विदेश नगई मुलुकमै अध्ययन गर भन्न मिल्ला र ? मुलुकभित्र उच्च शिक्षामा विद्यार्थीको आकर्षण कम हुँदै जाने विषय युवा विद्यार्थीको चाहनासँग सम्बन्धित हुन सक्छ। स्नातक तह र सोभन्दा माथि अध्ययन गर्ने युवा समूहभित्र पर्ने भएकाले यिनको चाहना, आकाङ्क्षा एवं स्वभाव र हामीले प्रवाह गरेको सेवासम्बन्धी अध्ययनले केही सन्देश दिन सक्छ।

**बदलिँदो पुस्ता र उच्च शिक्षा**

जेड जेनेरेसन, मिलेनियल्स, जेन अल्फा एवं विटा जेनरेसन आफैँमा पुस्ता हुन्। जब पुस्ता बदलिन्छ अनि सोच बदलिने हुन्छ। एकआपसको सम्बन्ध बदलिन्छ। युवा पुस्ताको सोच बदलिएपछि किनमेल गर्ने पसल र उपभोग्य पदार्थ वा वस्तु बदलिने भए। सोच र प्रविधिले जीवनशैलीमा अझ परिवर्तन ल्याउने छ। फरक फरक पुस्ताका स्वभाव, रुचि, इच्छा र आकाङ्क्षालाई हाम्रा नीति तथा कार्यक्रमले के कति तालमेल राख्न सके त ? पहिलो प्रश्न, समक्रममा हाम्रा शैक्षिक संस्था कति बदलिए त ? यिनका सोचमा के कति बदलाव आए ? कार्यशैलीमा के कति परिमार्जन गर्‍यौं त ? नीति तथा कार्यक्रम के कति मात्रामा बदलिए ? हाम्रा शैक्षिक प्रक्रिया के कति मात्रामा बदलिए त ? दोस्रो, माध्यमिक तह पूरा गर्ने सबै जना उच्च शिक्षामा भर्ना नभई कामको संसारमा पनि जान्छन् भन्ने सोचबाट हामीले हाम्रा कार्यक्रम र शैक्षिक प्रक्रिया के कति मात्रामा तय गरेका छौं त ? तेस्रो, कामको खोजमा बिदेसिएका विद्यार्थीलाई स्वदेशका विश्व विद्यालयमै अध्ययनका लागि जोडिन मिल्ने शैक्षिक कार्यक्रम हामीसँग के कति छन् ? चौथो, काममा संलग्न हुनेहरूलाई विगतमा रहेको प्राइभेट परीक्षार्थीको रूपमा भाग लिन पाउने अवसरलाई किन हटाइयो होला ? काममा संलग्न हुनेहरूलाई लक्षित गरेर अलि लचकदार शैक्षिक कार्यक्रम सञ्चालन गर्नेतर्फ हाम्रो सोच के कस्तो रह्यो त ? पाँचौं, मुलुकका सबै संस्थाले सबै कार्यक्रम सञ्चालन गर्नेभन्दा पनि नयाँ परिवेश र समय एवं जेनेरेसनका लागि शैक्षिक कार्यक्रम सान्दर्भिक बनाउन अहिलेका शैक्षिक कार्यक्रम र आवश्यक परे संरचना पनि पूर्नसंरचना गर्ने सोच कहिले ल्याउने ? कार्यक्रमलाई लागत किफायती बनाई विद्यार्थीलाई बढी सुविधा र लक्षित समूहलाई निःशुल्क मात्र नभई लिभिङ कस्ट पनि दिने कि ? अनुसन्धानमा रकम बढाउन सकिन्थ्यो कि ? छैठौं, सार्वजनिक शैक्षिक संस्थाका पदाधिकारीको बेमेलको असर विद्यार्थी र शैक्षिक संस्थामा कति परेको होला ? नयाँ प्रवेश गर्ने विद्यार्थी कुन उत्साहले आउला ? के हामी फरक विचार भएकासँग काम गर्नै नसक्ने भएका हौं त ? सातौं, कतै हाम्रा कार्यशैलीले निरन्तरता मात्र पाएका त छैनन ? समय बदिलएपछि सोच बदलेर पाठ्यक्रम, शैक्षिक प्रक्रिया र मूल्याङ्कन प्रणाली बदल्ने काम के कति भएको छ त ? हाम्रा पुरानो शैलीले विद्यार्थीलाई कति वाक्क बनाएको होला ?

**अबको विकल्प के त ?**

उच्च शिक्षामा रहेका तमाम समस्या समाधान गर्न पदाधिकारीको सोच र कार्यशैली परिवर्तन गर्दै संरचनागत परिमार्जन पनि चाहिन्छ। जति पटक हिँडे पनि उही बाटो र उही गतिले पुगिने ठाउँ उही नै हुन्छ। बाटो सही भए गति बदल्नु पर्छ भने बाटो सही छैन भने त्यसलाई नै बदल्ने हिम्मत चाहिन्छ। कतै हामीलाई यहाँ अध्ययन गरिरहेकाको भन्दा बाहिर गएकाको बढी चिन्ता हो ? चिन्ता त यहाँ भएकाहरूको बारेमा लिनुपर्ने होइन र ? अझ चिन्ता त उच्च शिक्षाका बारेमा हुनुपर्ने होइन र ? कृष्णहरि बरालको रचना र दीपक लिम्बूले गाएको यहाँ देशको छ, चिन्ता तिमी माया माया भन्छ्यौ भने जस्तै यहाँ उच्च शिक्षाको चिन्ता गर्नुपर्ने बेलामा को गयो को आयो भन्ने कुरा सहायक हुन। यहाँ राम्रो गर्न सके बाहिर गएकाहरू जोडिन सक्छन्। जान खोज्ने नजान पनि सक्छन्। अन्य मुलुकबाट पनि आउन सक्छन्। तसर्थ समस्या उनमा मात्र होइन कि हामीमा पनि छन कि भनेर आफूतर्फ फर्कने हो भने समाधानका उपाय निस्कन्छ। हाम्रो जस्तो कमजोर स्रोत र साधन भएको मुलुकमा स्रोतको उच्चतम सदुपयोग गर्न मितव्ययी, लागत किफायती र प्राथमिकता कायम गरी काम गर्नु पर्छ। भएका कार्यक्रममा समय अनुसार परिमार्जन गर्नु पर्छ। पुरानो पनि नछोड्ने नयाँ ल्याउन स्रोत नहुनेको दुष्चक्रबाट बाहिर आउनु पर्छ। शिक्षा र बजारको सम्बन्ध छ, जहाँ बजारले शिक्षालाई निर्देशित गर्ने हुनाले बजारको यस स्वभावलाई बुझेर बदलिनु पर्छ। नयाँ लिनका लागि कम प्राथमिक देखिएकालाई पुनर्संरचना गर्न सक्नु पर्छ। अहिले बिदेसिएका विद्यार्थी कामको खोजी र शिक्षा दुवैको खोजीका लागि गएका हुन सक्छन्। तीनलाई रोक्नका लागि स्वदेशमा कामको अवसर सिर्जना गर्न सक्नु पर्छ। शिक्षा आफैँले रोजगारी सिर्जना गर्न सक्दैन। नयाँ नयाँ शैक्षिक संस्था बनाई भौतिक पूर्वाधार निर्माणमा स्रोत लगाउनभन्दा पनि भएका भौतिक संरचनालाई उच्चतम रूपमा प्रयोग गरेर बचत रकमलाई प्रविधि, अनुसन्धान र शिक्षक एवं विद्यार्थी कल्याणमा लगाउनु नै उपयुक्त हुन सक्छ। स्वदेशमा रोजगारी सिर्जना गर्न उत्पादनमा जोड दिनु पर्‍यो। उत्पादनमा कसरी जोड दिने त ? यसका लागि विश्वविद्यालयगत बहस होइन कि उच्च शिक्षामा बहस गर्नुपर्ने समय आयो। उच्च शिक्षा प्रणालीमा बहस चाहिन्छ। पिटर सेङ्गीले सन् १९९० मा लर्निङ अर्गननाइजेसनको सन्दर्भमा भनेको सिस्टम थिङ्किङ जस्तै पार्ट र होलको बुझाइ एकसाथ हुनु जरुरी देखियो। यस अवधारणाबाट उच्च शिक्षाका संरचना र शैक्षिक कार्यक्रमको पुनर्संरचना गर्न सक्दा ठुलो स्रोत बचत गरी गुणस्तर र विद्यार्थी सहुलियतमा खर्च गर्न सकिन्छ। अनुसन्धानमा खर्च गर्न सकिन्छ। उत्पादन लक्षित कार्यक्रममा लगानी बढाई रोजगारीका नयाँ सम्भावना खोल्न सकिन्छ। प्रविधिमा लगानी बढाउन सकिन्छ। यस्तो प्रविधिलाई उत्पादनमा जोड्न सकिन्छ। स्वदेश वा विदेशमा काम गर्ने तर अध्ययनको चाहना भएकाहरूलाई लक्षित गरेर पार्ट टाइम कोर्षको अवधारणा सहयोगी हुन सक्छ। गुणस्तर कायम गर्न उपयुक्त ढाँचा र उपाय अवलम्बन गर्न सकिन्छ नै। नयाँ नयाँ संस्था खोल्नभन्दा भएकै विश्वविद्यालयका सङ्काय वा विभागलाई थप अधिकार दिएर स्वायत्व बनाई कार्यक्रमलाई पुनर्संरचना गर्न सके कार्यक्रम स्तरीय बनाउन र बचत रकमलाई यसै क्षेत्रमा लगाउन सकिन्छ। अन्त्यमा अध्ययन र कामका लागि विद्यार्थी बाहिरिनुभन्दा पनि अझ ठुलो विषय भनेको त अध्ययनपश्चात् स्वदेश नफर्कनु वा फर्काउन नसक्नु हो। चीन र भारतको अनुभवले उपयुक्त नीतिले बाहिर गएकाहरूलाई फर्काउन सकिन्छ भन्ने सन्देश डेभिड र उनका साथीहरू मिलेर सन् २०२१ मा प्रकाशित गरेको रिभर्स आन्टरप्रेनियल माइग्रेसन इन चाइना एन्ड इन्डियाः द रोल अफ द स्टेट नामक पेपरको निष्कर्षले दिएको छ। तसर्थ हामीले पनि विदेश गएका र विदेशमा रहेका नेपालीलाई कसरी स्वदेश फर्काउने भन्नेमा थप काम सुरु गर्नु पर्छ।

*–गोरखापत्र*

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक



# सरस्वती सामुदायिक वन उपभोक्ता समूहको ऐतिहासिक २२औं स्थापना दिवस तथा १६औं वार्षिक साधारण सभा कार्यक्रमका केही झलकहरु























# संगठन सुदृढीकरणका लागि एमालेको तीन महिने अभियान

■ नमस्ते समचारदाता

बाँके, माघ/१७



नेकपा (एमाले) लुम्बिनी प्रदेश कमिटीको नेपालगञ्जमा जारी दुई दिने बैठक सकिएको छ। बैठकले सङ्गठन सुदृढीकरण र विकासको नयाँ नीति बनाउँदै तीन महिने अभियान सञ्चालन गर्ने निर्णय गरेको हो। बैठकले पार्टी केन्द्रले बनाएको जरा अभियान अन्तर्गत तीन महिने अभियानलाई अगाडि बढाउने निर्णय गरेको हो। बैठकमा ६ वटा समूहमा विभाजन गरी पार्टी सञ्चालनमा देखिएका समस्या, सुधारका उपाय, सङ्गठन सुदृढीकरण तथा आगामी कार्ययोजना तयार गरेको प्रचार विभाग प्रमुख डिआर घिमिरेले जानकारी गराएका हुन। बैठकमा पार्टीका सबै जिल्ला तथा पालिका स्तरमा प्रचार डेस्क स्थापना गर्ने र कार्यकर्तालाई विभिन्न क्षेत्रमा सेवा प्रवाहका लागि विशेषज्ञ डेस्क बनाउने निर्णय गर्नुका साथै, स्थानीय तहबाटै विकास आयोजना छनोट गर्ने विधि निर्माण गरी पार्टीका इन्चार्जहरू नागरिकका समस्यासँग प्रत्यक्ष जोडिने नीति अख्तियार गरिएको जनाइएको छ। त्यसैगरी, भ्रष्टाचारविरुद्ध अभियान सञ्चालन गर्ने, गरिब नागरिकका लागि आधारभूत घर निर्माण गर्ने अभियान अगाडि बढाउने, विकासका कामहरूलाई प्रभावकारी रुपमा प्रचार गर्ने तथा प्रत्येक विकासे संस्थाले गरेको कार्यको श्वेतपत्र जारी गर्ने व्यवस्था मिलाउने कुरामा बैठकले जोड दिएको छ। बैठकमा पार्टी केन्द्रीय सचिव एवं प्रदेश इन्चार्ज पद्मा अर्यालले अहिले सामाजिक अराजकताले चुनौती सिर्जना गरेको भन्दै योजनावद्ध आक्रमणको सामना गर्न सबै कार्यकर्ता दृढ भएर लाग्नुपर्ने बताइन। पार्टी निर्माण भावनात्मक रूपमा नभई एजेण्डामा आधारित भएर गर्नुपर्ने उनको तर्क थियो। पार्टी स्थायी कमिटी सदस्य तथा सङ्गठन विभाग प्रमुख काशिनाथ अधिकारी, केन्द्रीय सदस्य समेत रहेका लुम्बिनी सरकारका मुख्यमन्त्री चेतनारायण आचार्य, प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले पार्टी कामलाई जनतासँग जोडन आग्रह गरेका थिए। बैठकले विभिन्न जिल्लाका २९ जनालाई प्रदेश कमिटीको सदस्यमा मनोनित गरेको छ। एमाले बाँकेका अध्यक्ष निरक गुरुङका अनुसार दाङबाट कृष्ण भुषाल, गोविन्द आचार्य, रामप्रसाद गैरे, वृहस्पति श्रेष्ठ, रोल्पाबाट गंगाराम बुढा, रूपन्देहीबाट जोगलाल विक, युवराज घिमिरे, मधुकला कुँवर, अब्दुल रहमान, कपिलवस्तुबाट विश्राम चौधरी, लंक हमाल, भगवानदास चौधरी, अब्दुल रहमान खान, बर्दियाबाट टिका सम्सेली, रामसोहन चौधरीलाई प्रदेश कमिटीमा मनोनित गरिएको छ। यसैगरी, बाँकेबाट भुमिसरा धिताल, रामकुमार दिक्षित, प्युठानबाट धनबहादुर रायमाझी, तुलसी शर्मा, पुरन गुरुङ, रुकुमपूर्वबाट भावना बुढाथोकी अर्घाखाँचीबाट इश्वरा पोखरेल, सरोज भुसाल, सिद्दि भुसाल, गुल्मीबाट सावित्रा आचार्य, चेतन बस्नेत, चिन्तामणि पाण्डेय, पाल्पाबाट नारायण जिसी, नारायण आचार्यलाई मनोनित गरिएको जनाइएको छ।

# हुम्लाका पालिका सङ्घीय अनुदान बढी पाउनेमा

■ नमस्ते समचारदाता

हुम्ला, माघ/१७




सङ्घीय सरकारले स्थानीय तहलाई नयाँ तरिकाले विभाजन गरेर समपूरक अनुदान दिने भएको छ। यसका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहलाई सात वर्गमा वर्गीकरण गरेकोमा हुम्ला जिल्लाका सात वटै गाउँपालिका 'क' वर्गमा परेका कारण सबैभन्दा बढी अनुदान पाउनेमा परेका हुन्। स्थानीय तह एक्लैले निर्माण गर्न नसक्ने ठुला पूर्वाधारमा प्रदेश तथा केन्द्र सरकारसँगको साझेदारीमा निर्माण गर्न समपूरक अनुदानको व्यवस्था विगतदेखि हुँदै आएको र पछिल्लो परिमार्जित कार्यविधिमा विगतदेखिको माग अहिले आएर पूरा भएको खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावलले बताउनुभयो। आन्तरिक स्रोत नभएका कारण सङ्घ र प्रदेशको मुख ताक्नुपर्ने अवस्था रहेको बेला पछिल्लो कार्यविधि अनुसार केही अंश मात्र लागत साझेदारी गर्न कठिन नभएको उहाँले जनाउनुभयो। यस्ता परियोजना निर्माणका लागि लाग्ने लागतमा हिस्सा विभाजन हुने गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को व्यवस्थामा प्रदेश तथा केन्द्र सरकारले यस्ता परियोजनामा थप लगानी गर्न सक्ने व्यवस्था गरिएको छ। यसअघि बनाइएको कार्यविधि खारेज गरेर नयाँ कार्यविधि बनाइएपछि हुम्लाका सात वटै गाउँपालिका ८० प्रतिशत अनुदान पाउनेमा परेको उहाँले बताउनुभयो। यसअघि धेरै राजस्व स्रोत भएका र अति कम स्रोत भएका स्थानीय तह सबैका लागि अधिकतम ५० प्रतिशतसम्म लागत सङ्घीय सरकारले र न्यूनतम ५० प्रतिशत लागत स्थानीय तहले बेहोर्ने गरी कार्यविधिले विभेद गरेको थियो। ताँजाकोट गाउँपालिकाका अध्यक्ष लालकेश जैसीले बल्ल न्याय सङ्गत भएको बताउनुभयो। परिमार्जित कार्यविधि अनुसार स्थानीय तहको राजस्व स्रोत अवस्था हेरेर २० देखि ८० प्रतिशतसम्म उपलब्ध गराइने व्यवस्था गरिएको जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्माले बताउनुभयो।

## देशकै...

त्यसलाई सच्याउनका लागि 'खेलकुद विकास ऐन, ०७६, संशोधन गर्न बनेको विधेयक' पहिलो पटक ०७८ फागुन १५ गते प्रदेश सभामा दर्ता भएको थियो। यद्यपि, पहिलो कार्यकालमा विधेयक पारित हुन नसकेपछि त्यो स्वतहः निष्क्रिय हुन पुग्यो। सभाको दोस्रो कार्यकाल सुरु भएसँगै ०७९ चैत १२ गते पुनः दर्ता भएर सामाजिक विकास समितिका गएको विधेयक लामो समय समितिमै अड्कियो। तत्कालीन सामाजिक विकासमन्त्री खड्ग पोखरेलले विधेयक फिर्ता लिइसके। निवर्तमान सदस्यसचिव सञ्ज्याल भन्छन, 'खेलकुद विकास ऐन संशोधन नभएका कारण मैले २ वर्षदेखि सेवा, सुविधा पनि लिन पाएको छैन, त्योभन्दा अगाडि तत्कालीन मुख्यमन्त्री महेन्द्र शाहीको मन्त्रिपरिषद्ले अध्यादेश जारी गरेको हुनाले दुई वर्षको सेवा, सुविधा आएको थियो। त्यसपछि अहिलेसम्म पाएको छैन।' तत्कालीन मुख्यमन्त्री शाहीको मन्त्रिपरिषद्ले जारी गरेको अध्यादेशमा उनले एघारौँ तहको अधिकृत वा सोसरह पारिश्रमिक तथा सेवा, सुविधा पाउने उल्लेख छ। दुई पटक अध्यादेश मार्फत तलब खाएका सञ्ज्यालले दुई वर्षको सेवा, सुविधा बापत झण्डै १५ लाख बराबर रुपैयाँ नपाएका बताए। अर्कातर्फ सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले परिषद्का पदाधिकारीलाई पदावधि सकिएको झण्डै एक महिनापछि खुसुक्क मन्त्रालयमा बोलाएर बिदा गरिदिए। जबकि पदाधिकारीहरूले आफ्नो कार्यकालमा गरेका गतिविधि बारे जानकारी गराउन समेत पाएनन्। परिषद्का निवर्तमान एक सदस्य भन्छन्, 'हामीले त बिदाइ भए पनि पत्रकार सम्मेलन गरिएला, सरकारले अलिकति भए पनि सम्मान गर्ला भन्ने सोचेका थियौँ। तर मन्त्रीले खुसुक्क मन्त्रालयमा बोलाएर बिदाइ भनिदिए, अचम्म लाग्यो।' ०७९ को निर्वाचनपछि माओवादी संसदीय दलका नेता राज कुमार शर्मा मुख्यमन्त्री बने। सदस्यसचिव सञ्ज्याललाई माओवादी निकट नै मानिए पनि शर्माले न पारिश्रमिकका लागि अध्यादेश जारी गर्न सके, न विधेयक अघि बढाउन जोड गरे। अहिलेका सामाजिक विकासमन्त्री घनश्याम भण्डारी यसअघि सामाजिक विकास समितिको सभापति थिए। तर उनले संशोधित विधेयक समितिबाट टुङ्गो लगाउन ध्यानै दिएनन्। बरु उनले ऐन संशोधनको प्रस्ताव केवल सदस्यसचिवलाई तलब खुवाउने उद्देश्यका साथ ल्याइएको भन्ने सोच राखेर विधेयक फिर्ता गर्नेतर्फ निर्णयमा पुगे।

# जग्गाको पूर्ण भोगाधिकार गर्न नपाएको मुक्त कमैयाको गुनासो

■ नमस्ते समचारदाता

कोहलपुर, माघ/१७



कोहलपुरका मुक्त कमैयाहरुले 'कमैया'को हैसियतमा प्राप्त गरेको जग्गाको सम्पत्ती सम्बन्धी अधिकारको पूर्णरुपमा उपभोग गर्न नपाएको भन्दै कानुनी सहायताका लागि नेपालगन्जका कानुन व्यवसायी र अधिकार कर्मीहरुलाई गुहारेका छन्। कोहलपुर नगरपालिका २ मुक्तिनगरका सिताराम थारु, अगरिया थारु लगायतका मुक्त कमैयाका अगुवाहरुले कानुनी सहयोग माग्दै तीन वटा बस्तीका २५० मुक्त कमैयाहरुको जग्गाको लागपूर्जा सहितका फाइल सार्वजनिक सरोकारका क्षेत्रमा वकालत गर्दै आएका बाँकेका अधिकारकर्मी र कानुन व्यवसायीहरुलाई बुझाएका हुन्। सम्पत्तिको अधिकार उपभोगमा सरकारले अङ्कुश लगाएको गुनासो गर्दै उनीहरुले संयुक्त रुपमा कानुनी सहयोग माग गरेका छन्। सम्पत्तिको पूर्ण अधिकारको न्यायिक लडाइँका लागि मुक्त कमैयाहरुले सार्वजनिक सरोकारका सवालमा वकालत गर्दै आएका कानुन व्यवसायी र अधिकारकर्मीहरुसँग यस्तो माग गरेको मानव अधिकारकर्मी इन्सेकका क्षेत्रीय संयोजक भोला महतले जानकारी गराए। मुक्त कमैयाका जग्गाका कागजात सहितको फाइल बोकेर कानुनी सहयोगका लागि इन्सेक कार्यालयमा पुगेका उनीहरुले इन्सेकका लुम्बिनी प्रदेश संयोजक भोला महत, सार्वजनिक सरोकार कानुन व्यवसायी समूहका सचिव एवम् एड्भोकेसी फोरमका लुम्बिनी प्रदेश संयोजक वसन्त गौतम, कोषाध्यक्ष अधिवक्ता बल बहादुर चन्द, सदस्यहरु अधिवक्ता विकास आचार्य र केवलसिंह थारुलाई फाइल हस्तान्तरण गरी कानुनी सहयोग मागेको इन्सेकका लुम्बिनी संयोजक भोला महतले बताए। फाइल हस्तान्तरण गर्दै मुक्त कमैयाका अगुवा अगरिया थारुले सरकारले मुक्त कमैयाहरुको प्रयोजनका लागि भनी दिएको जग्गाको जग्गाधनी प्रमाणपूर्जा पाएपनि त्यसको पूर्ण भोगाधिकार गर्न नपाएको गुनासो सुनाए। हक दिलाउँछौ भन्दै राजनीतिक दलका जनप्रतिनिधिहरुले भाषण गरेपनि माग पुरा नगरेको हुँदा कानुनी लडाइँमा साथ र सहयोग गर्न अधिकारकर्मी समक्ष आइपुगेको थारुले बताए। सरकारले कम्तीमा १० वर्षसम्म हक हस्तान्तरण बेचबिखन, कुनै किसिमले दान दातब्य, धितो बन्धक राख्न नपाइने शर्त राखी २०५८ सालमा जग्गा दिएको भएपनि हालसम्म पनि जग्गाको हक हस्तान्तरण, बेचबिखन, कुनै किसिमको दान, दातव्य, धितो बन्धक राख्न नपाएको भन्दै साम्पत्तिक अधिकारको पूर्ण उपभोगको व्यवस्था मिलाइदिन उनीहरुले अनुरोध गरेका थिए। सार्वजनिक सरोकार कानुन व्यवसायी समूहका सचिव अधिवक्ता वसन्त गौतमले राज्यले दिएको जग्गा अधिकारको रुपमा प्रयोग गर्न पाउनुपर्ने बताए। गौतमले सम्पत्ति सम्बन्धी अधिकार मानव अधिकारकै विषय भएको उल्लेख गर्दै प्रमाण कागजको अध्ययन गरी आवश्यक कानुनी सहयोग गर्ने प्रतिबद्धता जनाए। इन्सेकका भोला महत र समूहका सदस्य अधिवक्ता विकास आचार्य लगायत समूहमा आबद्ध कानुन व्यवसायीहरुले लालपूर्जा प्राप्त गरेका व्यक्तिले हालसम्म पनि निर्वाध रुपले जग्गाको उपभोग गर्न नपाउनु दुःखद् भएको भन्दै तथ्य सङ्कलन गरी विस्तृत अध्ययन गरेर आवश्यक कानुनी सहयोग र पैरवी गर्ने सामुहिक प्रतिवद्धता जनाएका हुन। केही दिन अघिमात्र प्रदेश सांसद र सार्वजनिक सरोकारका सवालमा वकालत गर्दै आएका कानुन व्यवसायी तथा अधिकार कर्मीहरुसँग गुनासो गर्दै कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिकाका पीडित मुक्त कमैया नागरिकहरुले जग्गा प्राप्त गरेको २३ वर्ष व्यतित भइसक्दा पनि त्यसको बेचबिखन, कर्जा धितो बन्धक लगायतका व्यावसायिक कारोबार गर्न नपाएको गुनासो गरेका थिए।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखाःसुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेलः namastekarnali1@gmail.com मुद्रणः गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके